प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, संखुवासभा

फोन नं. : ०२९-५६२१५९/५६२२७८
email : vhlssankhuwasvha@gmail.com

## प्रस्ताव आह्वानको सूचना

दोश्रो पटक प्रकाशन मिति २०८०।०८।०७
प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८०।०८।१३

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभाको आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र संखुवासभा लागि प्रदेश कृषि व्यवसाय प्रबर्दन अनुदान मापदण्ड, २०७८ ले तोके बमोजिमको शर्तहरु पालना गर्ने गरी साझेदारी गर्न इच्छुक संखुवासभा जिल्लाका आवेदकहरूबाट सूचना प्रकाशन भएको मितिले ७ (सात) औ दिनको कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्न हुन पुनः यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि योग्य हुने छैन । थप जानकारीको लागि संखुवासभा फोन नं. ०२९५६२१५९ र ५६२८२७ वा फुरलाक्पा शेर्पा मोबाईल ९८४२२१२५२० मा सम्पर्क गर्नुहोला । साथै प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईड www.molmac.p1.gov.np बाट प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ।

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण<br>संखुवासभा | विज्ञ केन्द्रबाट तोकीएको रकम वा ७५ % अनुदान | कार्यक्रम संचालनका शर्तहरू | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|---|---|
| १ | च्याफकटर वितरण | संख्या | ७ | प्रति संख्या रू. ४० हजार | प्रदेश कृषि व्यवसाय प्रबर्दन अनुदान मापदण्ड, २०७८ परिछेद ३ बुँदा नं. ३.४ अनुसार | पशुपन्छीपालन फर्म/उद्योग/कम्पनी |
| २ | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | १ | प्रति संख्या रू. १ लाख | प्रदेश कृषि व्यवसाय प्रबर्दन अनुदान मापदण्ड, २०७८ परिछेद ३ बुँदा नं. ६.१ अनुसार | पशुपन्छीपालन फर्म/उद्योग/कम्पनी |
| ३ | वातावरण संरक्षण एवं पोषण सुरक्षाको लागि करेसा पोखरी निर्माण | संख्या | २ | प्रति संख्या रू. २० हजार | प्रदेश कृषि व्यवसाय प्रबर्दन अनुदान मापदण्ड, २०७८ परिछेद ३ बुँदा नं. ४.१ अनुसार | पशुपन्छीपालन कृषक/फर्म/उद्योग |
| ४ | प्रजनन् योग्य थुमा वितरण | संख्या | २ | प्रति संख्या रू. २५ हजार | कम्तिमा १० माउ भेडापालन गरिरहेको हुनुपर्ने | पशुपन्छीपालन कृषक/फर्म/उद्योग |
| ५ | अनुदानमा आल्मुनियम क्यान वितरण | संख्या | ४ | प्रति संख्या रू. १० हजार | कम्तीमा ५ माउ गाई भैसीपालन गरिरहेको हुनुपर्ने । | पशुपन्छीपालन कृषक/फर्म/उद्योग |
| ६ | याक चौरी विकास कार्यक्रम | संख्या | १ | प्रति संख्या रू. ११ लाख | उच्च पहाडी क्षेत्र पशु विकास कार्यक्रम २०७६ परिछेद ३ बुँदा नं. ९ अनुसार | पशुपन्छीपालन समुह/सहकारी |
| ७ | भेडा विकास कार्यक्रम | संख्या | १ | प्रति संख्या रू. १० लाख | उच्च पहाडी क्षेत्र पशु विकास कार्यक्रम २०७६ परिछेद ३ बुँदा नं. १२ अनुसार | पशुपन्छीपालन समुह/सहकारी |
| ८ | याक नाक वितरण कार्यक्रम | संख्या | २ | प्रति संख्या रू. ६० हजार | कम्तीमा १० माउ चौरीपालन गरिरहेको हुनुपर्ने। | पशुपन्छीपालन कृषक/समुह/फर्म/उद्योग |

**नोटः– प्रस्ताव दर्ताको अन्तिम दिन सार्वजानिक बिदा परेमा सो को भोलिपल्ट दर्ता गरिनेछ ।**

**प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरू :**

१) रू.१०।– को टिकटसहितको निवेदन ।
२) सन्चालित कार्यक्रमको लागि तोकिएको ढाँचा बमोजिमको संक्षिप्त कार्ययोजना, लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र तथा विगत ३ वर्षभित्र प्रस्तावित कार्यक्रम सम्बन्धि अनुदान नलिएको स्वघोषणा-पत्र ।
३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
४) जग्गा धनीपूर्जाको प्रतिलिपी तथा जग्गा लिजमा लिएको भए कम्तिमा १० वर्षको करारनामा तथा हालसालै तिरेको मालपोत रसीद र एकाघरको परिवारको नामको जग्गा भए मन्जुरीनासहित कर तिरेको मालपोत रसीद ।
५) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता, नविकरण, पान/भ्याट नम्बर उल्लेख भएको पत्रको प्रतिलिपी।
६) समूह/समिति/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णय प्रतिलिपी एवं सञ्चालन समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपी अनिवार्य ।
७) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी ।
८) सम्बन्धित पालिकाको वा वडा कार्यालयको र पशु सेवा शाखाको शिफारिस पत्र ।

**नोट :- १) फर्म दर्ता तथा पान/भ्याटमा दर्ता सूचना प्रकाशन भएको मिति भन्दा अगाडिको हुनुपर्नेछ ।**
**२) व्यक्तिगत अनुदान ग्राहीले रु.१००।- र संस्थागत अनुदान ग्राहीले रु.२००।- जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ।**

**पुनश्च : सि.नं. १ को निवेदन सि.नं. २ को संक्षिप्त कार्ययोजना, लागत साझेदारी प्रतिबद्धता पत्र तथा अनुदान नलिएको स्वघोषणा पत्र विज्ञ केन्द्रबाट प्राप्त हुने ।**